बैठक संख्याः-३८

आज मिति २०८० साल असोज २१ गते आइतबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसि निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निणर्यहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. का.बा.वडा अध्यक्ष | श्री हरि प्रसाद बाँस्कोटा | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. का.बा.वडा अध्यक्ष | श्री धनमाया श्रेष्ठ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

CamScanner

**निर्णय नं १-** हरिहर हाउजीङ्ग प्रा.ली ले जिल्ला झापा बिर्तामोड नगरपालिका साबिक अनारमनी-१ सिट न.१७९-००४२ को कित्ता नं. १५५ क्षेत्रफल ११२०.०० वर्ग मी कित्ता न. १३१६ क्षेत्रफल १०९८५.०० वर्ग मी कित्ता न.१३१४ क्षेत्रफल २८१०.०० वर्ग मी कित्ता न. १५६ क्षेत्रफल ९८८०.०० वर्ग मी कित्ता न.१४५ क्षेत्रफल २६१०.०० वर्ग मी कित्ता न. १४६ क्षेत्रफल ६८८०.०० वर्ग मी कित्ता न. १३१३ क्षेत्रफल ७५०.०० वर्ग मी र कित्ता न.१३१५ क्षेत्रफल ५००.०० वर्ग मी मा हाउजीङ्ग निर्माण कार्यको स्विकृती लिई कोलोनी निर्माण कार्य हुँदै गरेकोले सो जग्गाको कित्ताकाट गर्न माग भई आएको सम्बन्धमा बिर्तामोड नगरपालिका जग्गा वर्गीकरण तथा विकास सम्बन्धी कार्यविधि २०७९ को दफा ७ को उपदफा ७.१ बमोजिम प्राविधिक समितिले पेश गरेको प्रतिवेदन र सिफारिस अनुसार पेश भएको प्रस्तावित कित्ताकाट नक्सा अनुसार खुल्ला क्षेत्र १०.६८ प्रतिशत क्षेत्रफल रहने गरि प्रति व.मी. रु. २८००।- मोल कायम गरी विर्तामोड नगरपालिकाको जग्गा वर्गीकरण तथा विकास सम्बन्धी कार्यविधि २०७९ को ४ को ३ बमोजिम हुन आउने राजश्व बापतको शुल्क रु. ३,२४,७६०.५२(तीन लाख चौबिस हजार सात सय साठी पैसा बाउन्न) दाखिला गराई प्रस्तावित नक्सा र क्षेत्रफल रहने गरी बिर्तामोड नगरपालिका जग्गा वर्गीकरण तथा विकास सम्बन्धी कार्यविधि २०७९ को दफा ७ को उपदफा ७.२ बमोजिम कित्ताकाट सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.२-** सुगम हाउजिङ्ग प्रा.लि. ले जिल्ला झापा विर्तामोड न.पा साविक अनारमनी २ सि.नं. १७९-०१६० को कि.नं. ४७३ क्षेत्रफल १०१५.०० व.मी. कि.नं. ४७४ क्षेत्रफल १०२६०.०० व.मी. कि.नं. १५७ क्षेत्रफल ६८०.०० व.मी. हाउजिङ्ग निर्माण कार्यको स्वीकृती लिई कोलोनी निर्माण कार्य हुँदै गरेकोले सो जग्गाको कित्ताकाट गर्न माग भई आएको सम्बन्धमा बिर्तामोड नगरपालिका जग्गा वर्गीकरण तथा विकास सम्बन्धी कार्यविधि २०७९ को दफा ७ को उपदफा ७.१ बमोजिम प्राविधिक समितिले पेश गरेको प्रतिवेदन र सिफारिस अनुसार पेश गरेको कित्ताकाट नक्सा अनुसार खुल्ला क्षेत्रमा छोड्नु पर्ने १०% को क्षेत्रफल भएतापनि पहिले हाउजिङ्ग निर्माणको निर्माण अनुमती प्राप्त भएको वखत ५% मात्र खुल्ला क्षेत्र छोडनु पर्ने मापदण्ड अनुसार स्वीकृति लिई सकेको हुनाले सोही ५.०८% खुल्ला क्षेत्र रहने गरी प्रति व.मी. रु. ७७००।- मोल कायम गरी विर्तामोड नगरपालिकाको जग्गा वर्गीकरण तथा विकास सम्बन्धी कार्यविधि २०७९ को ४ को ३ बमोजिम हुन आउने राजश्व बापतको शुल्क रु. ३,७८,८९४.२९ ( तीन लाख अठहत्तर हजार आठ सय चौरानब्बे पैसा उन्नतीस) दाखिला गराई प्रस्तावित नक्सा र क्षेत्रफल रहने गरी बिर्तामोड नगरपालिका जग्गा वर्गीकरण तथा विकास सम्बन्धी कार्यविधि २०७९ को दफा ७ को उपदफा ७.२ बमोजिम कित्ताकाट सिफारिस गर्ने निर्णय गरियो ।

पवित्रा देवी महतारा प्रसाई
नगर प्रमुख

CamScanner